## दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## हेकुली, दाङ

## ५ नं. प्रदेश, नेपाल

## आ.ब. २०७७/०७८ को

# नीति तथा कार्यक्रम

**आदरणीय यस गरिमामय सभाका सदस्यज्यूहरु ,**

नेपालको संविधान, २०७२ कार्यान्वयनको शिलशिलामा स्थानीय तह कार्यान्वयन पछिको चौथो दंगीशरण गाउँपालिकाको गाउँ सभा आर्थिक वर्ष २०७७/०७८ को संमग्र वार्षिक नीति कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय गाउँ सभामा उपस्थित भएका छौ । नेपाली जनताले चाहेको आफ्नो संविधान आफै निर्माण गर्न स्थानीय शासन सत्तामा जनताको प्रतिनिधित्व गराउन स्थानीय तहको निर्वाचन मार्फत सिंह दरवारको अधिकार जनताको घर घरमा स्थापित गर्न सफल भएका छौ ।

नेपालको संविधान, २०७२ ले दिएको संवैधानिक अधिकारको प्रयोग गर्दै,
नेपालको संविधान, २०७२ को प्रस्तावनाको मर्म र भावनालाई आत्मसात गर्दै,
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यादिशालाई ध्यान दिदै, सार्वभौमसत्ता सम्पन्न जनता र ती जनताका निर्वाचित जनप्रतिनिधिहरुको हैसियतले यस गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

देश र जनताको आर्थिक, सामाजिक, राजनैतिक समृद्धिका लागि विभिन्न कालखण्डमा भएका जनसंघर्ष, आन्दोलन, मधेश आन्दोलन लगायत विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन वलिदान गर्ने महान शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यो सम्मानित गाउँसभाले पारित गरेका सबै नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि पूर्ण प्रतिवद्धता व्यक्त गर्दछु ।

कोभिड १९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थिति तत्काल समान्य अवस्थामा आउन सक्ने नदेखिएकोले यसको असरलाई न्यूनिकरण गर्दै जनजीवनलाई नियमित गर्ने विषय नै अहिलेको प्रमुख चुनौती रहेको छ । महामारीको अवस्थामा हाम्रा आवश्यकता र प्राथमिकताहरु पनि बदलिएका छन् यस परिस्थितिमा स्थानीय तहको बजेट तर्जुमा पनि समान्य अवस्थाको भन्दा फरक रहेको छ । स्थानीय तहले कोभिड १९ को असरबाट सिर्जित आवश्यकताको पहिचान गरी सोही आधारमा नीति, कार्यक्रम र बजेटका प्राथमिकताहरु पनि निर्धारण गरिएका छन् ।

**सभाका सदस्यज्यूहरु**

जनताको अमूल्य मतबाट निर्वाचित भएर आएको करिब तीन वर्ष पुग्नै लाग्दा दंगीशरण गाउँपालिकाको विकास र समुन्नतिका लागि केही उल्लेख्य कार्य गर्न हामी सफल भएका छौँ भने स्थानीय सरकार सञ्चालनको पहिलो अभ्यास भएका कारण पनि कतिपय विषयहरु हाम्रा लागि सिकाईका विषय भए । शून्यबाट स्थापित भएको हाम्रो स्थानीय सरकार सञ्चालनको अभ्यासले हालसम्म आइपुग्दा केही आकार प्राप्त गरेको छ । सिमित स्रोत साधनको महत्तम उपयोग गरी यस बीचमा हामीले हासिल गरेका उपलब्धीहरु वुँदागतरुपमा उल्लेख गर्ने अनुमती चाहन्छु ।

१. गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न विषयका कानुनहरु निर्माण गरी कार्यान्वयन प्रारम्भ गरेका छौँ ।
२. गाउँपालिका तथा सबै वडा कार्यालयहरुको व्यवस्थापन गरिएको छ । कार्यालयलाई सूचनाप्रविधि मैत्री बनाउन सबै वडा कार्यालयहरुमा इन्टरनेट जडान गरिएको छ ।
३. आवश्यक पर्ने प्राविधिक लगायत अन्य जनशक्तिको व्यवस्था गरी कार्यसम्पादनलाई प्रभावकारी बनाइएको छ ।
४. स्वास्थ्य संस्थाहरुमा औषधी तथा ल्याबको व्यवस्था गरिएको छ ।
५. न्यायिक समिति मार्फत विभिन्न उजुरीहरुको किनारा लगाउने काम भएकोछ ।
६. कृषिको उत्पादकत्व वढाउन किसानहरुलाई विभिन्न कृषि सामग्री तथा विउ विजन वितरण गरिएको छ ।
७. मूल सडकबाट गाउँपालिकाको केन्द्रसम्म जोड्ने सडकको स्तरोन्नतिको कार्य प्रारम्भ भएको छ र विभन्न स्थानमा ट्र्याक खोल्ने तथा सडकको स्तरोन्नतिका कामहरु सम्पन्न भएका छन् ।
८. खानेपानी समस्या समाधानका लागि विभिन्न संघसंस्था तथा निकायहरुसँगको सहकार्यमा तथा गाउँपालिका आफैँले गरी स्वच्छ खानेपानी आपूर्तिको व्यवस्था गरिएको छ ।
९. विभिन्न स्थानमा एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरी जनतालाई घरदैलोमा सेवा पुर्याउने प्रयास गरिएको छ ।
१०. विभिन्न स्थानमा विद्युत बिस्तारका कामहरु सम्पन्न भएका छन् ।

११. सीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरी रोजगारी सिर्जनाको प्रयास थालिएको छ ।

१२. योजनावद्ध विकासको प्रयास स्वरुप गाउँपालिका यातायात गुरुयोजना वनाई कार्यान्वयनको चरणमा रहेको छ ।

१३. थारु कल्चरल भिलेज, बहुउद्देश्यीय सभाहल, सित भण्डार केन्द्र, दमारगाउँ गोल्टाकुरी सडक, हेकुली विरेन्द्र स्कूल चौकदेखि चिरेगारसम्मको कालोपत्रे, हेकुली चौकदेखि बालुवा सडक कालोपत्रे, डाँडागाउँ वडा कार्यालयदेखि पोटली डवराहुँदै हेकुली सडकसम्म कालोपत्रे, बागरदेखि दामोदर सडक कालोपत्रे, लगायतका ठुला आयोजनाहरु ठेक्का प्रक्रियामा गई निर्माण कार्य शुरु भएको छ ।

१४. स्वास्थ्य चौकि नभएका चार वटा वडाहरुमा स्वास्थ्य चौकि भवन निर्माणको कार्य सम्पन्न भएका छन् र प्रत्येक वडाहरुमा स्वास्थ्य सेवा केन्द्र खोली स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

१५. कोभिड १९ रोकथाम नियन्त्रण गर्नका लागि विरेन्द्र मा.वि. हेकुली र सिद्ध पृथ्वी जनता उ.मा.वि. श्रीगाउामा क्वारेन्टीनको व्यवस्था गरिएको छ ।

१६. कोभिड १९ रोगका कारण नेपाल सरकारले गरेको लकडाउनका कारण रोजगार गुमाएकाहरुलाई राहात वितरणका कार्यक्रम संचान गरिएको छ भने प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी उपलव्द गराउने काम भएको छ।

**सदस्यज्यूहरु**

अव म गाउँपालिकाले आर्थिक वर्ष २०७७।०७८ मा अंगिकार गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

"हामी सबैको प्रण समृद्ध दंगीशरण" भन्ने दिर्घकालिन सोचका साथ सन्तुलित विकासको माध्यामबाट जनतामा समृद्धि हासिल गरी आम नागरिकलाई सुशासनको अनुभूति दिलाउने प्रमुख लक्ष अनुरुप हाम्रा क्रियाकलापहरु संचालित हुनेछन् ।

उपर्युक्त सोंच र लक्ष्यबाट क्रियाकलापहरु निर्देशित गर्दै निम्न उद्देश्यहरु पूर्ति गर्नेतर्फ अग्रसर रहनेछौं ।

क. पूर्वाधारको विकास गरी आयआर्जनमा वृद्धि गर्ने

ख. गरिबी, कुपोषण, निरक्षरता उन्मुलन गर्ने ।

ग. सेवा प्रवाह लगायत विकास कार्यमा सुशासनको प्रत्याभूति प्रदान गर्ने ।

घ. शिक्षा र स्वास्थ्यमा नागरिकको सहज पहुँच स्थापित गर्ने ।

ङ विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को संक्रमण जोखिम कम गर्ने ।

जसबाट देहाय बमोजिमका उपलब्धीहरु प्राप्त गरी समृद्ध दंगीशरणको सपना साकार हुने अपेक्षा गर्दछु ।

१.कृर्षि र पशुपालनमा व्यवसायीकरण गरी उत्पादन दोब्बर गराउने ।

२. हरेक वडा कार्यालयसम्म यातायातको सहज पहुँच

३. हरेक नागरिकलाई स्वच्छ खानेपानीको पहुँच

४. गुणस्तरीय र रोजगारमूलक शिक्षामा सबै बालबालिकाको पहुँच

५. सिचाईको प्रयाप्त व्यवस्था मिलाई उत्पादमा बृद्धि गर्ने

५. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ संक्रमण कम भइ जनजीवन सहज हुने ।

**सदस्यज्यूहरु,**

**यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा** नेपालको संविधान २०७२ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घोषणापत्रहरु,दिगो विकास लक्ष्य, पन्ध्रौ पञ्चवर्षीय योजना , स्थानीय सरकार सञ्चालन ऐन २०७४ र जनप्रतिनिधि तथा विज्ञहरुको राय सुझाव समेतलाई बार्षिक नीति तथा कार्यक्रम निर्माणका आधारका रुपमा लिएको छु ।

कोभिड १९ को परिदृष्यमा स्थानीय तहको बार्षिक बजेट काय्रान्वयन गर्दा गाउँ टोल भेलाको आयोजना गर्दा स्वास्थ्य सुरक्षाको दृष्टिकोणले जोखिमपूर्ण हुने देखि नागरिकको सहभागिताका बैकल्पिक विधिहरु अवलम्बन गर्ने व्यवस्था मिलाई भौतिक दुरी तथा स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरी स-

साना समूहमा छलफल गरी टोल विकास संस्था वा अन्य यस्तै प्रकृतिका सामूदायिक संस्थाहरु परिचालन गरी संचार तथा सूचना प्रविधिको उपयोग जस्ता विधि प्रयोग गर्ने व्यवस्था अबलम्बन गरिएको छ।।

**सदस्यज्यूहरु**

अब म क्षेत्रगत रुपमा गाउँपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**क) कोभिड १९ बाट सिर्जित संकट व्यवस्थापन**

१. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने योजनाहरुको छनौट गरिने छ।

२. संक्रमण जोखिम रहँदासम्म अशक्त असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठनागरिक एवं अपांगता भएका व्यक्तिहरुका लागि राहातका कार्यक्रम संचालन गरिने छ।

३. कोभिड १९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी, तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री मास्क, पञ्जा, सेनिटाईजर, पिपिईहरुको अभाव नहुने गरी आवश्यक व्यवस्था मिलाईने छ।

४.कोभिड १९ संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके बमोजिम क्यारेन्टाइनमा राख्ने व्यवस्था मिलाई आवश्यकता अनुसार छिमेकी स्थानीय तहसँग समेत समन्वय र सहकार्य गरी आइसोलेसन वार्डको समेत व्यवस्था गरिने छ।

५. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यका लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ।

६. एम्बुलेन्स, शव बहान, दमकल जस्ता सेवालाई चौविसै घन्टा संचालन गरी तयारी हालतमा राखी कोभिड १९ का कारण विद्यार्थी, गर्भवती महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, डिप्रेशनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराइने छ।

**ख) पूर्वाधार विकास**

१. "**पूर्वाधार, समुन्नतिको आधार, विकास जनताको अधिकार**" भन्ने मान्यतालाई आत्मसाथ गरी विभिन्न क्षेत्रका पूर्वाधार विकासलाई विषेश प्राथमिकता दिइने छ।

२. गाउँपालिकाका वडाहरुबाट गाउँपालिकाको केन्द्रसँग जोड्ने सडकहरुको निर्माण, स्तरोन्नति तथा क्रमशः कालोपत्रे गर्दै लगिनेछ।

३. जग्गा उलपब्ध भएका स्थानहरुमा वडा कार्यालयहरुको आफ्नै कार्यालय भवन निर्माणका लागि कार्य प्रारम्भ गरिनेछ।

४. गाउँपालिकाको बृहत्तर विकास र समृद्धिका लागि अल्पकालीन, मध्यकालीन, दीर्घकालीन लक्ष्यसहितको गुरुयोजना तयार गरी विगतको अभ्यासमा रहेका टुक्रे योजनाहरुमा बजेट विनियोन गर्ने परम्परालाई अन्त्य गर्दै पूर्वाधार विकासमा केही ठुला र विशेष महत्वका योजनाहरु सञ्चालनमा ल्याइनेछ।

५. दंगीशरण गाउँपालिकाको योजनाबद्ध विकास गरी सुन्दर दंगीशरणको निर्माणका लागि भू-उपयोग नीति तयार गरी कार्यान्वय प्रारम्भ गरिनेछ। सडक, सिँचाई, खानेपानी, विद्युतीकरण तथा सञ्चारका क्षेत्रमा गर्नु पर्ने कार्यको अध्ययन गरी प्राथमिकता निर्धारण गरी आवश्यक कार्यान्वयन प्रारम्भ गरिनेछ।

६. सञ्चालनमा रहेका भौतिक योजनाहरुको निरन्तर सञ्चालनको लागि मर्मत सम्भार कोषको स्थापना गरिनेछ।

७. जनताको अपेक्षासँग प्रत्यक्ष रुपमा जोडिएको सडक पूर्वाधार विकासलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ। सञ्चालित सडक योजनाहरुको स्तरोन्नति गर्ने कार्यलाई विशेष प्राथमिकता दिइनेछ। सडक तथा अन्य भौतिक पूर्वाधारको विकास र स्तरोन्नतिमा स्थानीयको लागत सहभागितामा जोड दिदै साझेदारी विकासलाई प्रोत्साहन गरिने छ।

८. खानेपानी सुविधालाई स्तरीकरण गर्दै लगिनेछ। आवश्यक स्थानमा इनार निर्माण तथा धारा जडान गर्दै लगिनेछ। निरन्तर रुपमा बढ्दै गइरहेको बस्ती विकासलाई मध्यनगजर गर्दै दीर्घकालीन खानेपानी समस्या समाधानका लागि अध्ययन गरिनेछ।

९. कृषिलाई व्यवसायिक बनाउन सिचाइँ सुविधा बिस्तारमा जोड दिइनेछ। थोपा सिचाइँ लगायतका आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिनेछ। दंगीशरण गाउँपालिकाका सबै वडामा बाह्रै महिना सिचाइँ सुविधा उपलब्ध गराउने गरी कार्य अघि बढाइनेछ।

१०. दंगीशरण गाउपालिकाका सबै बस्तीहरुमा बिद्युत बिस्तार गरिनेछ । दंगीशरण गाउँपालिका भित्रका कुनै पनि घर अध्यारो नहुने गरी **उज्यालो दंगीशरण अभियानलाई** सार्थकता दिइनेछ ।
११. दंगीशरण गाउँपालिका भित्र सञ्चार सुविधा तथा इन्टरनेट सुविधा बिस्तार गर्न सम्बन्धित निकायसँगको सहकार्यमा विशेष पहल गरिनेछ ।
१२. दंगीशरण गाउँपालिकाका सबै बस्तीलाई समेट्ने गरी चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गरी प्रदेश तथा संघीय सरकारको सहयोगमा कार्य प्रारम्भ गरिनेछ ।
१३. जमिनको खण्डीकरण गर्ने र जमिनलाई बाँझो छोड्ने कार्यलाई निरुत्साहित गरिनेछ । सडक लगायतका भौतिक पूर्वाधारको मापदण्ड निर्धारण गरिनेछ ।
१४. विभिन्न स्थानमा पुल निर्माणका लागि संघीय तथा प्रदेश सरकारमा पहल गरिनेछ ।

**ग) आर्थिक विकास**

१. कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमसिलताको प्रवर्द्धन गर्न मल, विउ, किटनाशक औषधीको उपलब्धता, उत्पादित बस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न सिचाई सुविधाको प्रबर्धन गरी कृषिलाई आधुनिकीकरण गर्न कृषि मेसिनरी औजार खरिद गर्न अनुदान सहयोग उपलब्ध गराउनुका साथै अनुदानमा बिउबिजन उपलब्ध गराइनेछ ।
२. व्यवसायिक कृषि पेशाका लागि विभिन्न कृषि सामग्री वितरण गर्नुका साथै कृषकहरुका लागि व्यवसायिक तालिम र अवलोकन भ्रमण जस्ता कार्यक्रम समेत सञ्चालन गरिनेछ ।
३. किसानको लागत मूल्य प्रतिको सुनिश्तताको लागि कृषि तथा पशु बिमा कार्यक्रम सञ्चालन गरिनेछ ।
४. दंगीशरण गाउँपालिका भित्र क्रियाशील कृषि सहकारीहरु समेतको सहकायर्यमा कृषि उपज संकलन केन्द्रको स्थापना गरिनेछ । कृषि उपजहरुको बजारीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ
५. दुग्ध उत्पादक सहकारी संस्थाहरु सँगको समन्वयमा डेरी उद्योग सञ्चालन गरी दंगीशरण भित्र उत्पादित दुध दंगीशरणमै प्रशोधन गरी निर्यात गर्ने गरी कार्य अघि बढाइनेछ ।
६. दंगीशरण गाउँपालिकालाई मासु र अण्डा निर्यातमा अभिबृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
७. फलफूल खेतीलाई प्रोत्साहित गर्न बिरुवा खरिदमा आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
८. कृषकको साथमा कृषि प्राविधिक अभियानको सुरुवात गरिनेछ । गाउँपालिका भित्रको जुनसुकै स्थानमा जुनसुकै समयमा कृषकले खोजेका बखत कृषि तथा पशु प्राविधिक उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।
९. कृत्रिम गर्भाधान, उन्नत जातका पशुपालनमा जोडदिनुका साथै पशुपालनका सम्भावित पकेट क्षेत्रको पहिचान गरी कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।
१०. दंगीशरण गाउँपालिकाको गौरव राजा दङ्गीशरणसँग जोडिएको ऐतिहासिक स्थल दङ्गीशरणमा निर्माणाधीन दङ्गीशरण पार्क तथा थारु सांस्कृतिक ग्रामलाई राष्ट्रिय अन्तर्राष्ट्रिय पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने गरी प्रदेश सरकार समेतको सहकार्यमा बृहत्तर आयोजना सञ्चालन गरिनेछ छ ।
११. दंगीशरण गाउपालिका भित्रका विभिन्न सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धनको माध्यामद्वारा पर्यटन प्रर्बधनमा जोड दिइनेछ ।
१२. थारु सांस्कृतिक महोत्सब लगायत अन्य सांस्कृतिक कार्यक्रमहरुको आयोजना गरी थारु संस्कृतिको प्रवर्द्धनका लागि विशेष पहल गरिनेछ ।
१३. पर्यटकीय क्षेत्रहरुको पहिचान झल्किने र अवस्थिति स्पष्ट देखिने गरी सार्वजनिक स्थानहरुमा नक्सा सहितका होडिङ बोर्डहरु राखिनेछ ।
१४. थारु संस्कृतिको पर्वद्धन र विकास गर्दै पर्यटन प्रवर्दधन र आर्थिक समृद्धिसँग जोड्ने गरी गाउपालिकाभित्र थारु होम स्टे सञ्चालनमा ल्याइनेछ ।
१५. सहकारीहरुको क्षमता विकासका लागि विभिन्न प्रवर्द्धनात्मक तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । निष्क्रिय सहकारीहरुको दर्ता खारेज गरिनेछ । सहकारीहरुको मर्जरको प्रक्रिया अघि बढाइनेछ । क्रियाशील सहकारीहरुलाई प्रोत्साहित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
१६. सहकारीहरुलाई उत्पादनसँग जोड्न प्रेरित गरिनेछ ।
१७. सहकारीले सञ्चालन गर्ने स्थानीय स्रोत साधनामा आधारित र रोजगारी सिर्जना गर्ने उद्योग व्यवसायहरुलाई प्रोत्साहित गरिनेछ । यसका लागि आवश्यक अनुदान समेत उपलब्ध गराइनेछ ।
१८. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रबर्धन गर्न सिपमूलक तालिमको व्यवस्था गरी उत्पादित बस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गरिने छ ।

१९. विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेको व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा, व्यवसाय, उद्योग, कृषि लगायतको क्षेत्रका रोजगारदातासँग सम्न्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिने छ ।

२०. स्थानीय तहभित्र रहेका बाँझो जग्गाहरुको एकिकृत तथ्यांक संकलन गरी सो को पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणा कार्यान्वयन गर्न सहजीकरण गरी यस्तो कार्यलाई प्रोत्साहन गर्न ऋण सहुलियत तथा अनुदान लगायतका व्यवस्था मिलाइने छ ।

**घ) सामाजिक विकास**

साझेदारी विकास कार्यक्रम र गाउँपालिकाको संयुक्त लगानीमा समाजिक विकासका विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

**क) शिक्षा**

१. ‘‘गुणस्तरयुक्त शिक्षा र शैक्षिक पूर्वाधार गाउँपालिका समृद्धिको आधार ’’ भन्ने उदेश्य अनुरुप माध्यामिक तहसम्मको शिक्षालाई अनिवार्य गर्ने रणनीति कार्यान्वयन गरिने छ ।

२. विद्यालय नजाने तथा छाड ्ने प्रवृत्तिलाई निरुत्साहित गर्न विद्यार्थी सिकाइ उपलब्धी अभिवृद्धि गर्न ‘‘बालबालिकालाई विद्यालय ल्याउँ टिकाउँ र सिकाउँ’’ भन्ने राष्ट्रिय अभियानलाई प्रभावकारी बनाउन सामुदायिक विद्यालय तथा अभिभावकहरुसँग आवश्यक समन्वय र सहकार्य गरिने छ ।विद्यालय जाने उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराई नियमित पठनपाठन गराउन सक्ने वडालाई प्रोत्साहन गरिने छ ।

३. विद्यालयमा अपुग हुने स्रोत व्यवस्थापनका लागि सुत्रबद्ध अनुदान प्रणाली लागू गरी हरेक विद्यालयको संस्थागत क्षमता विकास र विद्यालयभित्र सुशासन कायम गर्न आवश्यक पहल गरिने छ ।

६. संस्थागत विद्यालयलाई सेवामुखी बनाउन उत्प्रेरित गर्दै नियमनको दायरामा समेत ल्याइने छ ।

७. गाउँपालिका भित्रका विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधारहरु (पुस्तकालय,कम्प्युटर, खानेपानी, शौचालय, संचार, खेलकुद सामग्रीको व्यवस्था गरिने छ ।

८. बालविवाह न्युनीकरणका लागि आवश्यक जनचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

९. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब भत्ता बैंकमार्फत भुक्तानी गर्ने कार्यलाई अनिवार्य गरिने छ

१०. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण र प्रयोगलाई प्रभावकारीरुपमा सञ्चालनमा ल्याइने छ ।

११. जोखिममा रहेका तथा बेसाहरा बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन ती बालबालिकाको पहिचान गरी पाठ्यपुस्तक स्टेसनरी सामग्री पोशाक लगायत आवश्यक आर्थिक सहयोग उपलब्ध गराइने छ ।

१२. हरेक विद्यालयमा बालमैत्री वातावरणको सिर्जना गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाइने छ ।

१३. स्थानीयस्तरको ज्ञान सीप र प्रविधिको प्रवर्धनका लागि छोटो अवधिको तालिम सञ्चालन गरिने छ ।

१४. प्रत्येक महिनाको अन्तिम शुक्रबार कम्तीमा १ घण्टा विद्यार्थी तथा शिक्षकले सामाजिक तथा श्रममुलक काम गर्नुपर्ने निति अबलम्बन गरिने छ ।

१५. न्युनतम विद्यार्थी संख्या पुगेका र अंग्रेजी गणित र विज्ञान विषयका शिक्षक व्यवस्थापनका लागि आधारभूत तह ६ ८ र मा वि तह ९ र १० सञ्चालित विद्यालयलाई एकमुष्ट अनुदान उपलब्ध गराउने गत आ व कै कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१६. शिक्षकहरुको नियमिततालाई प्रभावकारी बनाउन मासिक हाजिरी विवरण विव्यस अध्यक्ष वडाअध्यक्षबाट प्रमाणित गर्ने व्यवस्था मिलाइने छ ।

१७. भूगोल र विद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयको कक्षा समायोजन गर्ने नीति लिइने छ ।

१८. कक्षा १० का विद्यार्थीको सिकाइ उपलब्धीमा सुधारका लागि अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाइने छ ।

१९. संविधानको भावनाअनुसार निशुल्क शिक्षा सुनिश्चितताको लागि विद्यार्थी संख्याका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइने छ ।

२०. कक्षा १ देखि १० सम्म गणित र विज्ञान विषय अंग्रेजी माध्यामबाट पठनपाठनका लागि प्रोत्साहन गरिने छ ।

२१. विद्यालयको आर्थिक पारदर्शिता तथा मूल्यांकन प्रणालीमा प्रविधिको प्रयोग गरिने छ ।

२२. दैनिक पठनपाठन तथा शैक्षिक सेवा प्रवाहमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिने छ ।

२३. तोकिएको विद्यार्थी संख्या भन्दा वढी भएका विद्यालयलाई शिक्षक व्यवस्थापनका लागि पीसिएफ अनुदान उपलब्ध गराइने छ।

२४. कोभिड १९ को संक्रमणका कारण शिक्षण सिकाइ क्रियाकलापमा पर्न गएको अप्ठेरोलाई सम्बोधन गर्न वैकल्पिक माध्यामबाट पठनपाठनको व्यवस्थालाई कार्यान्वयनमा ल्याइने छ ।

२५. प्राविधिक धार सञ्चालन भएका विद्यालयमा पढाइ सँगै उत्पादन र आम्दानीका क्रियाकलाप सञ्चालन गरिने छ ।

**ख) स्वास्थ्य**

१. सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि दंगीशरण गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्था तथा कार्यरत जनशक्तिको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्रत्येक बस्तीमा एम्बुलेन्स सेवाको सहज पहुँचका लागि एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइनेछ ।

२. नेपाल सरकारले तय गरेको स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनको सुरुवात गरिनेछ । किशोर किशोरीहरुलाई कुलतबाट बचाउन सामाजिक दुरी कायम गरी विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३. बागर स्वास्थ्य केन्द्रको स्तरोन्नति गरी कम्तीमा ५० सैयाको अस्पतालको रुपमा विकास गर्न संघीय सरकार तथा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ । अन्य स्वास्थ्य संस्थाहरुको स्तरोन्नतिका लागि विशेष पहल गरिनेछ ।

४. औलो, क्षयरोग, सिकलसेल एनिमिया तथा किशोरीहरुमा हुने रक्तअल्पता जस्ता समस्याको निराकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. स्वास्थ्य संस्थामा नियमित गर्भ जाँच गराउनुका साथै स्वास्थ्य संस्थामै सुत्केरी गराउने दरलाई सतप्रतिशत पुर्याउने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

६. विद्यालय पोषण कार्यक्रम, सुत्केरी तथा बालबालिका लक्षित पोषण कार्यक्रम लगायतका पोषण लक्षित विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकालाई पूर्ण खोपयुक्त गाउँपालिकाका रुपमा स्थापित गरिनेछ ।

७. स्वास्थ्यमा सबै जनताको पहुँच अभिबृद्धि गर्ने उद्देश्यका साथ विभिन्न स्थानमा स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

८. स्वच्छ वातावारण स्वस्थ्य चिन्तन अभियान सञ्चालन गरी सरसफाईंलाई विशेष जोड दिइनेछ । दंगीशरण गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**ग) लैगिक समानता तथा सशक्तिकरण**

१. लैङ्गिक सशक्तिकरणका लागि महिलाहरुको क्षमता विकासका विभिन्न सीपमूलक तथा रोजगारमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । महिला हिंसा न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. ज्येष्ठ नागरिक, दलित, जनजाती, एकल महिला, अपाङ्ग, वालवालिका तथा युवा लक्षित विशेष कार्यक्रमहरुको सञ्चालन गरी राज्यको समावेशी विकासको अभियानलाई सार्थक बनाउन पहल गरिनेछ ।

३. मुक्त कमैया तथा कम्लहरीको आर्थिक अवस्था सुधारको लागि विभिन्न सीपमूलक तालिम प्रदान गरी मुक्त कम्लहरी परिवारको आर्थिक अवस्थामा सुधार ल्याइनेछ ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

१. कोभिड १९ बाहेकका विपदहरुको रोकथाम तथा न्यूनिकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनलार्भका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरी विपद् जोखिम न्यूनीकरणका लागि सार्थक पहल गरिनेछ ।

२. नदी कटानको जोखिम न्यूनीकरण गरी बस्ती तथा खेतीयोग्य जमिनको सुरक्षाको लागि कटान युक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

३. एक वडा एक पोखरी अभियान सञ्चालन गरी जलाधार संरक्षणको कार्यालाई प्राथमिकता दिइनेछ । पानीका मुहानहरुको संरक्षणमा जोड दिइनेछ ।

४. फोहरमैला व्यवस्थापनको उचित प्रवन्ध मिलाइनेछ । सरसफाई तथा फोहरमैला व्यवस्थापनका सन्दर्भमा विभिन्न सूचकहरु निर्धारण गरी सरसफाईयुक्त नमूना बस्ती घोषणा गरिनेछ र यस्ता बस्तीहरुलाई विशेष रुपमा प्रोत्साहित गरिनेछ ।

५. पूर्वाधार विकासका क्रियाकलाहरु संचालन गर्दा विपद जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा ईष्टिमेट गर्ने व्यस्था मिलाईने छ ।

**ङ) सुशासन तथा संस्थागत विकास**

१. गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शााखा वा ईकाईको सेवा प्रवाहलाई सम्भव भएसम

म सूचना प्रविधि मैत्री बनाइने छ । त्यसको लागि आवश्यक पर्ने कागजात, लाग्ने समय, प्रकृया र दस्तुर समेतको जानकारी हुने गरी मोबाइल एप्सको निर्माण गरिनेछ । यस्तो एप्सलाई गाउँपालिका सम्बन्धी जुनसुकै जानकारी प्राप्त गर्न सकिने स्रोतका रुपमा स्थापित गरिनेछ ।

२. सार्वजनिक सुनुवाइ सामाजिक परीक्षण तेस्रो पक्ष अनुगमन सामुदायिक स्कोर कार्ड जस्ता विधिहरुको प्रयोग गरी सुशासन, पारदर्शिता अभिबृद्धि गरिनुका साथै भ्रष्टाचार बिरुद्धको शून्य सहनशीलतामा जोड दिइनेछ ।

३. आवश्यक स्थानहरुमा एकिकृत घुम्ती सेवा समेत सञ्चालन गरिनेछ ।

४. उपभोक्ता समितिहरुलाई योजना सम्पन्न गर्न अपनाउनु पर्ने विधि प्रकृया लगायतका सम्पूर्ण विषयमा जानकारी हुने गरी प्रारम्भमै तालिम दिने व्यवस्था मिलाइनेछ । उपभोक्ताहरुले बुझ्ने गरी नेपाली अङ्ग्रेजी दुबै भाषामा लगत स्टिमेट तयार पार्ने व्यवस्था मिलाइनेछ ।

५. वित्तीय तथा आर्थिक अनुशासन कायम गर्न र छिटो छरितो सेवा प्रवाह गर्न प्रशासनिक क्रियाकलापमा प्रविधिको प्रयोगमा जोड दिइनेछ । लेखा, राजस्व, जिन्सी तथा जनशक्ति व्यवस्थापन लगायतका कार्यहरुलाई समेत सफ्टवेयरमा आधारित बनाइनेछ ।

६. वेबसाइट, अडियोभिजुअल सूचना पाटी तथा नागरिक वडापत्रको उपयोगलाई प्रभावकारी बनाइने छ ।

७. वडा कार्यालय सम्म भरपर्दो इन्टरनेट सुविधा बिस्तार गरी सम्पत्ती कर, घटना दर्ता, सामाजिक सुरक्षा विवरण, दर्ता नवीकरण लगायतका कार्यहरुलाई वडास्तरबाटै सञ्चालन गरिनेछ । गाउँपालिकाको वेबसाइटलाई सम्पूर्ण सूचना प्राप्त गर्न सकिने थलोका रुपमा बिकास गर्नुका साथै गाउँपालिका तथा वडा कार्यालयहरु समेतको फेसबुक पेज निर्माण गरी सुचना सम्प्रेषणमा जोड दिइनेछ ।

८. भवन मापदण्ड लागुगरि घर नक्सापास, घर अभिलेखिकरण तथा घर नियमित गर्ने कार्यलाई अनिवार्य गरिने छ ।

९. अनुगमन प्रणाली, तथ्याङ्क संकलन तथा सुशासन प्रवर्द्धन जस्ता विषयलाई विद्युतीय माध्यामको प्रयोग गरी बढीभन्दा बढी अनलाइनमा आधारित बनाइनेछ ।

१०. कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ । कर्मचारी तथा जनप्रतिनिधिहरुलाई सेवाग्राही मैत्री बनाउन उत्प्रेरणात्मक तथा सकारात्मक सोच सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११. दंगीशरण गाउँपालिकाको स्रोत नक्साङ्कन, घर नम्बरिङ कार्यको सुरुवात गर्नुका साथै पारिवारिक विवरण संकलनको कार्य प्रारम्भ गरिनेछ ।

१२. दङ्गीशरण गाउँपालिकाका सबैजसो कार्यलाई डिजिटलाइज गर्ने गरी तयारी गरिनेछ ।

१३. सम्पत्ति कर सम्बन्धी व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ । यो लगायतका अन्य जुनसुकै कर तथा राजश्वहरु सम्बन्धित वडा कार्यालयहरुबाटै भुक्तानी गर्न सकिने गरी प्रबन्ध मिलाइनेछ ।

१४. गाउँपालिकाको समग्र विकासलाई एकीकृत रुपमा अगाडी बढाउन गाउँपालिका र गैरसरकारी संस्थाहरु सँगको सहकार्यमा ६ महिनाभित्र गाउँपालिकाको आवधिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । गाउपालिका क्षेत्र भित्रका सम्पूर्ण तथ्यांक संकलन गरी गाउँपालिकाको पार्श्वचित्र अद्यावधिक गरिनेछ ।

१५. गाउँपालिकालाई छुवाछुत मुक्त गाउँपालिकाको रुपमा विकास गर्न विशेष कार्यक्रम संचालन गरिने छ ।

१६. दंगीशरण गाउँपालिकालाई कोभिड १९ मुक्त बनाउन विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

**र अन्तमा,**

यो नीति तथा कार्यक्रम तयार पार्न सल्लाह सहयोग प्रदान गर्नुहुने सम्पूर्ण वुद्धिजिवि, दंगीशरण वासि जनसमुदाय तथा कर्मचारी वर्गहरुमा हार्दिक आभार प्रकट गर्दछु र आगामि दिनमा यो नीति तथा कार्यक्रम कार्यान्वयनमा समेत यहाँहरु सवैको साथ सहयोगको अपेक्षा राख्दछु ।

धन्यवाद !

भागीराम चौधरी

अध्यक्ष